**SKYC-C-NPLI**

# नेपाली / NEPALI

## (अनिवार्य) / (Compulsory)

| | |
|---|---|
| *अनुज्ञापित समय : **तीन घण्टा*** | *अधिकतम अंक : **300*** |
| *Time Allowed : **Three Hours*** | *Maximum Marks : **300*** |

---

**प्रश्न-पत्र सम्बन्धित विशेष अनुदेशावली**

***कृपया प्रश्नका उत्तर लेख्नुअघि तल दिइएका प्रत्येक अनुदेशलाई ध्यानपूर्वक पढ्नुहोस :***

*सबै प्रश्नका उत्तर लेख्नु अनिवार्य छ ।*

*प्रत्येक प्रश्न/अंशका अङ्क तिनका विपरीतमा सूचित गरिएको छ ।*

*प्रश्नमा निर्देश नगरिएको भए तापनि उत्तर **नेपाली (देवनागरी लिपि)**-मा लेख्नु अनिवार्य छ ।*

*प्रश्नमा जहाँ विशेष रूपले उल्लेख गरिए-अनुसार शब्द-सीमालाई पालन गर्नु आवश्यक छ । यदि उल्लेख गरिएको भन्दा लामो अथवा छोटोमा उत्तर लेखिए अङ्क घटाइने छ ।*

*प्रश्न–सह–उत्तरपुस्तिकामा खाली छोडिएका पन्ना अथवा कुनै भाग स्पष्टसित काटिएको हुनुपर्छ ।*

## Question Paper Specific Instructions

***Please read each of the following instructions carefully before attempting questions :***

*All questions are to be attempted.*

*The number of marks carried by a question / part is indicated against it.*

*Answers must be written in **NEPALI (Devanagari script)** unless otherwise directed in the question.*

*Word limit in questions, wherever specified, should be adhered to and if answered in much longer or shorter than the prescribed length, marks may be deducted.*

*Any page or portion of the page left blank in the Question-cum-Answer Booklet must be clearly struck off.*

---

**Q1.** **निम्नलिखित कुनै *एउटा* विषयमाथि 600 शब्दमा निबन्ध लेख्नुहोस् :** ***100***

(a) उपभोक्तावादी जीवनशैली अनि पर्यावरण

(b) मोबाइल फोनको लत

(c) अनलाइन शिक्षाका सीमा

(d) आतङ्कवाद : एक चुनौति

**Q2.** **निम्नलिखित गद्यांशलाई ध्यानपूर्वक पढी त्यसका आधारमा तल दिइएका प्रश्नका उत्तर स्पष्ट, सठीक अनि सङ्क्षिप्त भाषामा लेख्नुहोस् :** ***12×5=60***

जब एक किसान खेतमा काम गर्दछ तब उसले खाद्यान्न अनि उद्योगको निम्ति कच्चा पदार्थ उत्पादन गर्दछ । कपासले नै लुगाका कारखाना, विद्युतचर्खामा लुगाको रूप धारण गर्दछ । गाडीले सामानलाई एउटा ठाउँबाट अर्को ठाउँसम्म पुऱ्याउँदछ । कुनै देसमा एक वर्षभित्र उत्पादित सबै वस्तु अनि सेवाका जम्मा मूल्य यसको कुल घरेलु उत्पादन हुन्छ भन्ने हामीलाई थाहा छ । हामीलाई निर्यात गर्दा आय प्राप्त हुन्छ अनि आयात गर्दा व्यय गर्नु पर्दछ । यसमा हामी देख्छौँ कुल आम्दानी सकारात्मक हुनसक्छ अथवा नकारात्मक हुनसक्छ र शुन्य हुनसक्छ । प्राप्त आम्दानीलाई योग गर्दा हामीलाई त्यस वर्षको निम्ति देसको कुल घरेलु उत्पादन प्राप्त हुँदछ ।

कुल राष्ट्रीय उत्पादनमा योगदान पुऱ्याउने सबै क्रियाकलापलाई हामी आर्थिक क्रिया भन्दछौँ । ती सबै व्यक्ति जो उच्च अथवा निम्न कुनै पनि स्तरमा कार्य गरी आर्थिक क्रियामा संलग्न रहन्छन् तिनलाई श्रमिक भनिन्छ । यदि यिनमा केही व्यक्ति बिरामी, घाइते, प्रतिकूल मौसम, त्यौहार अथवा सामाजिक-धार्मिक उत्सवका कारण अस्थायी रूपमा काम गर्न आउन नसके तापनि तिनीहरूलाई श्रमिक नै मानिन्छ । यी काममा लागेका मुख्य श्रमिकलाई सहयोग गर्नेलाई पनि हामी श्रमिक नै मान्दछौँ । सामान्यतया हामी यस्तो सोँच्दछौँ कि जसलाई काम गरेको साटो रोजगारदाताद्वारा केही भुक्तानी गरिन्छ, तिनलाई श्रमिक भनिन्छ । तर यस्तो होइन । स्व-रोजगार व्यक्ति पनि श्रमिक नै हुँदछ ।

भारतमा रोजगारको प्रकृति बहुआयामिक छ । केही मानिसहरूलाई वर्षभरि रोजगार प्राप्त हुँदछ भने केही मानिसहरूले वर्षमा केही महीना मात्र रोजगार पाउँदछन् । अधिकांश मजदूरलाई उनका कामको उचित ज्याला प्राप्त हुँदैन । तथापि श्रमिकका सङ्ख्याको अनुमान लगाउँदा आर्थिक

कार्यमा लागेका जति पनि व्यक्ति छन्, ती सबैलाई रोजगार प्राप्त मानिसहरूका श्रेणीमा राखिन्छ । वर्ष 2011 – 12 मा भारतको मोठ श्रमशक्तिको आकार प्राय 473 मिलियन अनुमान गरिएको थियो । किनकि देसका अधिकांश मानिस ग्रामीण क्षेत्रमा बस्दछन्, यसैले ग्रामीण श्रमशक्तिको अनुपात पनि सहरी श्रमशक्ति भन्दा बेसी छ । यी 473 मिलियन श्रमिकहरूमध्ये तीन-चौथाई श्रमिक ग्रामीण छन् ।

भारतमा श्रमशक्तिमा पुरुषहरूको बहुलता छ । ग्रामीण क्षेत्रमा महिला श्रमिक मोठ श्रमबलको एक-तिहाई छ, भने सहरमा केवल 20 प्रतिशत महिला श्रमबलमा योगदानकर्ता छन् । स्त्रीहरू खाना बनाउने, पानी ल्याउने, ईंधन बटुल्ने साथै खेतमा समेत काम गर्दछन् । उनीहरूलाई नकद भुक्तानी अथवा अन्नको रूपमा ज्याला प्राप्त हुँदैन । कुनै कुनै अवस्थामा ता केही पनि भुक्तानी गरिँदैन । यसकारण यी महिलाहरूलाई श्रमिकवर्गमा पनि समावेश गरिँदैन । यी महिलाहरूलाई पनि श्रमिक नै मान्नुपर्छ भन्ने अर्थशास्त्रीहरूको आग्रह छ ।

(a) श्रमिक को हो ? *12*

(b) कुल घरेलु उत्पादन के हो ? *12*

(c) भारतमा रोजगारको प्रकृति कस्तो छ ? *12*

(d) कुन महिलाहरूलाई श्रमिक मानिँदैन ? *12*

(e) भारतमा श्रमिकको जनसङ्ख्या-अनुपात के छ ? *12*

**Q3. निम्नलिखित अनुच्छेदको सारांश लगभग एक-तिहाई शब्दमा लेख्नुहोस् । यसको शीर्षक लेख्न आवश्यकता छैन । सारांश आफ्नै शब्दमा लेख्नुहोस् ।** ***60***

जुन शब्दको अर्थ राम्ररी बुझिँदैन र उपयोग पनि धैरे मात्रामा हुन्छ, यस्ता दुईवटा शब्द हुन् – सभ्यता र संस्कृति । त्यस समयलाई कल्पना गर्नुहोस् जब मानव समाजसँग अग्नि देवताको साक्षात्कार भएको थिएन । आज घर घर चुल्हो जलिरहेको छ । जुन व्यक्तिले पहिला आगोको आविष्कार गर्‍यो होला, उ कति ठुलो आविष्कारक होला । अथवा कल्पना गर्नुहोस् त्यस समयलाई जब मानिस सियो-धागोसँग परिचित थिएनन् । जुन व्यक्तिले एउटा फलामको टुक्रालाई सियोको रूप दियो होला त्यो व्यक्ति कति ठुलो आविष्कारक थियो होला ।

यिनै दुईवटा उदाहरणलाई विचार गर्नुहोस्; पहिलो उदाहरणमा दुईवटा विषय छन् : पहिलो, एउटा व्यक्ति विशेषसँग आगो बनाउने शक्ति सामर्थ्य छ अनि दोस्रो, आगोको आविष्कार । यसैगरी सियो-धागोको उदाहरणमा पनि एउटा कुरा छ, पहिला सियो-धागो आविष्कार गर्ने शक्ति र दोस्रो भयो सियो-धागोको आविष्कार । जुन योग्यता, प्रवृत्ति अथवा प्रेरणाको बलले आगो र सियो-धागोको आविष्कार भयो, त्यो हो – व्यक्ति विशेषको संस्कृति; र त्यस संस्कृतिद्वारा जे आविष्कार भयो त्यो आफ्नो र अरूको लागि भयो, त्यसको नाम हो सभ्यता ।

एकजना सु-संस्कृत व्यक्तिले कुनै पनि नयाँ विषयको खोज गर्ने गर्छन्; त्यसरी नै उनका सन्तानलाई त्यो खोज पूर्वजबाट अनायास प्राप्त हुन्छ । जुन व्यक्तिले बुद्धि अथवा विवेकद्वारा कुनै नयाँ तथ्यको अध्ययन गर्छन् ती व्यक्ति नै असल सु-संस्कृत व्यक्ति हुन् अनि उनका सन्तानले अनायास पूर्वजबाट ती वस्तु प्राप्त गर्छन् उनीहरू पूर्वजका भाँति सभ्य भए पनि सु-संस्कृत कहलिदैनन् । एउटा आधुनिक उदाहरण लिएर हेरौँ । न्युटनले गुरुत्त्वाकर्षण सिद्धांतको आविष्कार गरे । उनी सु-संस्कृत मानव थिए । आजका युगका भौतिक विज्ञानका विद्यार्थी गुरुत्त्वाकर्षण सिद्धान्तसँग परिचित छन्, तर त्यसका साथै उनीहरूलाई अन्य धेरै विषयको ज्ञान प्राप्त छ, जसबाट सम्भवत न्युटन अपरिचित नै रहेका थिए । यस्तो भए तापनि आजका भौतिक विज्ञानका विद्यार्थीलाई न्युटनका अपेक्षा अधिक सभ्य भन्न सकिए तापनि न्युटन जति सु-संस्कृत भन्न सकिँदैन ।

आगोको आविष्कार सायद भोकको कारण भएको थियो । सियो र धागोको आविष्कारमा पनि सायद शीतोष्णबाट बाँच्न तथा शरीरलाई सजाउने प्रवृत्ति कै मुख्य हात हो । अब कल्पना गर्नुहोस् त्यो व्यक्ति जसको भूँडी भरिएको छ, जसको शरीर ढाकिएको छ; तर जब उ खुला आकाश मुन्तिर सुतिरहेको रातमा जगमगाई रहेका ताराहरूलाई देख्छ, तब उसलाई निद्रा आउँदैन किनकि उ त्यसलाई बुझ्नका लागि चिन्तित छ कि आखिर यो मोतीले भरिएको थाल के हो ? भूँडी भराउने र शरीर ढाकने इच्छा मनुष्यको संस्कृतिको जननी होइन । भूँडी भरे पनि र शरीर ढाके पनि, त्यो मानव वास्तवमा सु-संस्कृत छ भने अल्छि बन्त सक्तैन । हाम्रो सभ्यताको एउटा अंश यस्तै सु-संस्कृत व्यक्तिबाट प्राप्त भएको छ । जसको चेतनामा स्थूल भौतिक कारणको ठुलो प्रभाव परेको छ, तर

त्यसको केही अंश हामीलाई ऋषिमुनिबाट पनि प्राप्त भएको छ, जसले तथ्य विशेषलाई कुनै भौतिक प्रेरणाद्वारा वशीभूत नभई आफू भित्र रहेका सहज संस्कृतिद्वारा प्राप्त गरेका छन् । रातका तारा हेरेर निदाउन नसक्ने ऋषिमुनि हाम्रा आजको ज्ञानका यस्तै प्रथम प्रतिपादक थिए ।

*(435 शब्द)*

**Q4. निम्नलिखित गद्यांशलाई अङ्ग्रेजीमा अनुवाद गर्नुहोस् :** **20**

समय अनमोल छ । वास्तवमा समय नै संसारको एक मात्र सीमित वस्तु हो । यदि तपाईँले सम्पत्ति गुमाउनुभयो भने पनि फेरि कमाउनु सक्नुहुन्छ । घर गुमाउनुभयो भने फेरि पाउनु सक्नुहुन्छ । तर यदि समय गुमाउनुभयो भने तपाईँलाई त्यही समय दोस्रोपल्ट प्राप्त हुन सक्दैन ।

यदि हामी जीवनमा केही गर्नु, केही बन्नु, केही पाउनु चाहन्छौँ भने हामीले समयको सर्वश्रेष्ठ उपयोग गर्नु सिक्नु अनिवार्य छ । हामी जुन उपलब्धि पाउनु चाहन्छौँ ती सबै समयको सदुपयोग गरेर हामी प्राप्त गर्न सक्दछौँ ।

भनिएको छ – "समय नै धन हो" । यद्यपि यो भनाई पूर्ण रूपमा सत्य होइन । सत्य ता यही हो कि समय केवल सम्भावित धन हो । यदि तपाईँले आफ्नो समयलाई सदुपयोग गर्नुभयो भने तपाईँले धन कमाउनु सक्नुहुन्छ । त्यसरी नै, यदि तपाईँले आफ्नो समयलाई दुरुपयोग गर्नुभयो भने धन कमाउने सम्भावना हराउनु हुनेछ । जब तपाईँ समयको उपयोगमा सतर्क बन्नु हुनेछ तब समय बर्बाद गर्नु छाड्नु हुनेछ । तपाईँ आफ्नो समयलाई राम्ररी उपयोग गर्ने उपाय खोज्नु थाल्नु हुनेछ । तपाईँ थोरै समयमा धेरै काम गर्नसक्ने उपाय खोज्नु थाल्नु हुनेछ । यदि तपाईँ वास्तवमा समय व्यवस्थापन गर्नु चाहनु हुन्छ भने तपाईँले चेतन मनको मात्र नभएर अवचेतन मनको पनि उपयोग गर्नुपर्दछ । यसले तपाईँलाई यस्ता नयाँ-नयाँ तरिका देखाउनेछ, जसको कारण तपाईँ थोरै समयमा अधिक काम गर्ने उपाय खोज्नुमा सफल बन्नु हुनेछ ।

**Q5.** **निम्नलिखित गद्यांशलाई नेपालीमा अनुवाद गर्नुहोस् :** *20*

We cannot deny the importance of games in life as games make a person sound in body and mind. Society expects of a person to fulfil all his duties, for which it is important for him to keep healthy. He may be very intelligent, but his intelligence is of no use if he is not healthy. In some ways, the human body is like a machine. If it is not made use of, it starts to work badly. People who are not fit grow weak; they become more prone to disease. Any form of game is useful, if it gives the body an opportunity to take regular physical exercise. Playing encourages the spirit of sportsmanship. It enables one to deal with life's problems in a wise and natural manner. The important thing in playing is not the winning or the losing, but the participation. We have to remember some other things about playing games. First, it is the physical exercise that is important for health, not the games themselves, and there are other ways of getting this. Is not India the home of yoga ? When we think of the phrase — a healthy mind in a healthy body — we should not forget that it is the mind which is mentioned first. And if we let games become the most important thing in our lives, then we undermine the importance of the mind.

**Q6.** (a) (i) **तलका कुनै *पाँचवटा* शब्दको सन्धि-विच्छेद गर्नुहोस् :** *5*

विद्यालय; महोत्सव; सदैव; इत्यादि; उच्चारण; परमार्थ; देवेन्द्र

(ii) **तलका कुनै *पाँचवटा* शब्दका दुई-दुईवटा अनेकार्थक शब्द लेख्नुहोस् :** *5*

पत्र; साँचो; जाल; वर; मान; उत्तर; मास

(b) (i) **तलका कुनै *पाँचवटा* शब्दको विपरीतार्थक शब्द लेख्नुहोस् :** *5*

अर्थ; उत्थान; तल; भद्र; सक्रिय; मित्र; रोगी

(ii) **तलका *पाँचवटा* पदको समास-विग्रह गर्नुहोस् :** *5*

शोकाकुल; राजभवन; वनवास; लखपति; घरखर्च; नीलकमल; सानीमा

(c) (i) **तलका कुनै *पाँचवटा* वाग्धारालाई एक-एकवटा वाक्यमा प्रयोग गर्नुहोस् :** *5*

कान खानु; खुट्टा झिक्नु; घोक्रो सुक्नु; झण्डा गाड्नु; टाउको दुख्नु; ठीक पार्नु; नाक काट्नु

(ii) **तलका कुनै *पाँचवटा* पदावलीको सारशब्द लेख्नुहोस् :** *5*

(1) जो कहिले पनि मर्दैन ।

(2) जसले ईश्वर मान्छ ।

(3) दुईवटा आँखा नभएको ।

(4) अर्काको उपकार गर्ने ।

(5) बोल्न नसक्ने मानिस ।

(6) खुट्टाले खोला तर्ने काम ।

(7) दुई नदी मिलेको ठाउँ ।

(d) (i) **तलका कुनै *पाँचवटा* शब्दको लिङ्ग परिवर्तन गर्नुहोस् :** *5*

फुपु; विदुषी; मामा; कन्या; कमारो; राँगो; बाछी

(ii) **तलका कुनै *पाँचवटा* उखानलाई पूरा गर्नुहोस् :** *5*

(1) आफु भलो त ________।

(2) एक पन्थ ________।

(3) गाई न गोठ ________।

(4) बाँदरको पुच्छर ________।

(5) भुक्ने कुकुरले ________।

(6) कालो अक्षर ________।

(7) उत्ताउली गाई ________।